नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(संघीय मामिला शाखा)
सिंहदरवार, काठमाडौं

पत्र सङ्ख्याः २०७५।०७६
चलानी नम्बरः ३९

फोन नं. ४२११८९५

मितिः २०७५/०६/१०

श्री प्रदेश सरकार (सबै)
श्री नगरपालिका (सबै)
श्री गाउँपालिका (सबै)

विषयः- गाउँपालिका तथा नगरपालिकाको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ बमोजिम गाउँपालिका तथा नगरपालिकाको केन्द्र हेरफेर वा परिवर्तन गर्ने प्रयोजनका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०५/२६ गतेको बैठकले **गाउँपालिका तथा नगरपालिकाको केन्द्र निर्धारण** सम्बन्धी स्वीकृत गरेको मापदण्ड यसैसाथ संलग्न रहेको व्यहोरा जानकारीका लागि तथा आवश्यक कार्यार्थ निर्णयानुसार अनुरोध छ ।

(दुर्गा दाहाल)
शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः यो पत्र यस मन्त्रालयको Web site मा Upload गरिदिनुहुन अनुरोध छ ।

# गाउँपालिका तथा नगरपालिकाको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ४ बमोजिम गाँउपालिका तथा नगरपालिकाको केन्द्र हेरफेर वा परिवर्तन गर्ने प्रयोजनका लागि नेपाल सरकारले देहायको मापदण्ड तोकेको छः-

## १ गाउँपालिका तथा नगरपालिकाको केन्द्रको लागिः

क) क्षेत्रफल

केन्द्र रहने स्थानबाट सेवा प्रदान गर्ने मुख्य मुख्य कार्यालयहरु समेतको भवन निर्माणका लागि आफ्नै स्वामित्त्वमा रहेको वा सार्वजनिक वा अधिग्रहण गर्न सकिने जमिनको उपलव्धता हुनु पर्नेछ । जमिनको क्षेत्रफल निर्धारण गर्दा सरकारी भवनका लागि आवस्यक क्षेत्र, पार्किंग, खुला क्षेत्र, पहुँच सडक, आफूले सेवा दिनुपर्ने जनसंख्या, भविष्यमा आवश्यक पर्नसक्ने पूर्वाधार विस्तारको संभावना लगायतका पक्षहरू समेतलाई मध्यनजर राखी कम्तीमा निम्नानुसार क्षेत्रफल भएको जमिन उपलब्ध भएको हुनु पर्नेछः

i. नगरपालिकाको लागि कम्तीमा ८ रोपनी र
ii. गाउँपालिकाको लागि कम्तीमा ६ र

यस बमोजिम क्षेत्रफल भएको जमिन एकै कित्ताबाट एकै क्षेत्रमा एकमुष्ठ उपलब्ध हुन नसकेमा अधिकतम सय मिटरको दूरीभित्रको अर्को एक क्षेत्रबाट समेत मिलाइ जग्गाको क्षेत्रफल निर्धारण गर्न सकिने।

ख) पहुँच

केन्द्रले प्रदान गर्ने सेवा सुविधामा कम्तीमा साठी प्रतिशत जनताको सहज पहुँच हुने गरी अधिकतम पायक पर्ने स्थान हुनुपर्ने ।

ग) भौतिक पूर्वाधार

i. स्थानीय पूर्वाधार(खानेपानी, सन्चार, विद्युतजस्ता पूर्वाधार)को उपलव्ध भएको वा कम खर्चमा उपलव्ध हुनसक्ने स्थान,
ii. प्रदेश सरकारसंगको आगमनमा सहज हुने स्थान,
iii. नेपाल सरकारले भौतिक पूर्वाधारमा गरेको लगानीको सदुपयोग हुने स्थान,
iv. खेतीयोग्य जग्गाको प्रयोग नगरी वैकल्पिक जग्गा प्रयोग गर्न सकिने स्थान,
v. प्राकृतिक विपदको जोखिम कम भएको र कम भिरालो जग्गा, र
vi. मुख्य बजार केन्द्र भन्दा केही परको दूरीमा रहेको स्थान ।

घ) अन्य

i. ऐतिहासिक,सामाजिक र साँस्कृतिक हिसावले मौलिकता भएको स्थान,
ii. सुरक्षाका दृष्टिले उपयुक्त, सुरक्षित तथा रणनैतिक रुपमा महत्वपूर्ण स्थान,
iii. राजनीतिक तथा सामाजिक रुपमा सर्वस्वीकार्य हुनसक्ने स्थान ।

## २ वडाको केन्द्रको लागि:

वडा केन्द्र तोक्दा पनि माथि प्रकरण क, ख, ग र घ मा उल्लिखित आधारहरुको अवलम्बन गर्नु पर्नेछ । व केन्दको जग्गाको हकमा कम्तीमा ३ रोपनी हुनु पर्ने ।

३: व्याख्या र विश्लेषण:

माथि सि नं १ को ग र घ मा उल्लिखित आधारहरुलाई सम्वन्धित गाउँकार्यपालिका/नगरकार्यपालिकले स्थानी आवस्यकता र सम्भाव्यता हेरी व्याख्या र विश्लेषण गरी आधारहरुको विस्तृतीकरण गर्न सक्नेछ ।

४. मापदण्ड लागू हुने:

यो मापदण्ड स्वीकृत भएको मितिदेखि सिफारिश हुने गाउँपालिका, नगरपालिका तथा वडाको केन्द्रको हकम लागू हुनेछ ।